आज मिति २०७७/०८/०९ गते आईतवार बिहान ११.०० बजे विहान यस सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झगबहादुर विश्वकर्माज्यूको अध्यक्षतामा तपशिल बमोजिमका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा गाउँकार्यपालिकाको ७४ औं बैठक बसि निम्न बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री झग बहादुर विश्वकर्मा | अध्यक्ष | |
| २ | श्री मिना कुमारी सोमै | उपाध्यक्ष | |
| ३ | श्री बसन्त बहादुर जि.सी. | सदस्य | |
| ४ | श्री चिन्त बहादुर सोमै मगर | सदस्य | |
| ५ | श्री भिम बहादुर मर्साङी मगर | सदस्य | |
| ६ | श्री तुल बहादुर रोका मगर | सदस्य | |
| ७ | श्री मुकुन्द राज शर्मा | सदस्य | |
| ८ | श्री सन्त बहादुर बराल मगर | सदस्य | |
| ९ | श्री मो. हलिम हलुवाइ | सदस्य | |
| १० | श्री टंक प्रसाद सुनार | सदस्य | |
| ११ | श्री शुशिला के.एम. | सदस्य | |
| १२ | श्री चन्द्रिमा थापा | सदस्य | |
| १३ | श्री जिवा सुनार | सदस्य | |
| १४ | श्री खिमा सुवेदी | सदस्य | |
| १५ | श्री अमर बहादुर घर्ती | सदस्य-सचिव | |
| अन्य उपस्थिति | | | |
| १ | श्री लक्ष्मण आचार्य | प्रशासन शाखा प्र. | |
| २ | श्री टोप बहादुर थापा | आर्थिक प्रशासन शाखा प्र. | |
| ३ | श्री गोविन्द प्र. पौड्याल | ईन्जिनियर सब | |

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७२

०८/११
अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

## सरुमारानी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक (बैठक संख्या-७४)

मितिः- २०७७/०८/०९

**बैठकका प्रस्तावहरु:**

१. आर्थिक सहायता सम्बन्धमा ।

२. IEE स्वीकृत सम्बन्धमा ।

३. राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिसंग अनुमती माग सम्बन्धमा

४. अटो रिक्सा निर्देशिका २०७७ स्वीकृत सम्बन्धमा ।

५. घरजग्गा नक्सा अभिलेखिकरण कार्यविधि २०७७ सम्बन्धमा ।

६. जस्तापाता वितरण र ढुवानी खर्च सम्बन्धमा ।

७. नागरिक आवास कार्यक्रमको लाभग्राही छनौट सम्बन्धमा ।

८. योजनाहरुका उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम सम्बन्धमा

९. डोजर/स्क्याबेटरहरुको दररेट सम्बन्धमा ।

१०. समिक्षा पुस्तिका प्रकाशन सम्बन्धमा ।

११. आवधिक योजना निर्माण सम्वन्धमा ।

१२. सशर्त अनुदानको कृषि/पशु विकास कार्यक्रममा साझेदारी रकम सम्वन्धमा ।

१३. प्रकोप ब्यवस्थापन कोषमा बजेट रकमान्तर सम्वन्धमा ।

१४. लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान सम्बन्धमा ।

१५. स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमको योजना छनौट सम्वन्धमा ।

१६. विद्यालय संचालन सम्बन्धमा ( कक्षा ५, ८ र १० कक्षा)

१७. विविध सम्बन्धमा ।

Scanned with CamScanner

## मिति २०७७/०८/०९ गतेका गाउँकार्यपालिका बैठकका निर्णयहरु

**निर्णय न. १ आर्थिक सहायता सम्बन्धमा ।**

यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न व्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| सि.न | व्यक्तिको नाम | ठेगना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | कर्णे कुमाल | वडा न. २ | ७०००/- | विपद व्यवस्थापन कोष |
| २ | दानमाया शर्मा | वडा न. २ | ७०००/- | विपद व्यवस्थापन कोष |
| ३ | दामोदर पंथि | वडा न. २ | ५०००/- | विपन्न अर्थिक सहायता कोष |
| ४ | सावित्रा कुमारी वराल मगर | वडा न. ५ | ५०००/- | विपन्न अर्थिक सहायता कोष |
| ५ | लंक बहादुर सुनार | वडा न. ३ | १५०००/- | दिर्धरोग स्वास्थ्य सहायता कोष |
| ६ | सूर्य बहादुर रेश्मी मगर | वडा न. ४ | १००००/- | विपद व्यवस्थापन कोष |
| ७ | पुरन भण्डारी | वडा न. २ | ५०००/- | विपन्न अर्थिक सहायता कोष |
| ८ | प्रदिप दर्लामी | वडा न. ३ | १००००/- | दिर्धरोग स्वास्थ्य सहायता कोष |
| ९ | ईन्द्र वहादुर पल्ली | वडा न. ५ | १५०००/- | दिर्धरोग स्वास्थ्य सहायता कोष |

**निर्णय न. २ IEE स्वीकृत सम्बन्धमा ।**

यस गाउँपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ बमोजिम यस सरुमारानी गाउँपालिकाको रात्पी नदिवाट नदिजन्य पदार्थ ( ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागी परामर्शदातावाट पेश भएको झिलिवाङ्ग धाद्र, तित्रिवाङ्ग, सुनघाट वगर, ददेरी बगर (क) र ददेरी बगर (ख) स्थानहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE )२०७७ लाई स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. ३ राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिसंग अनुमती माग सम्बन्धमा ।**

यस गाउँपालिकाको रात्पी नदिवाट नदिजन्य पदार्थ ( ढुंङ्गा, गिट्टि र वालुवा) को उत्खनन तथा निकासीका लागी सवीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE )२०७७ को प्रतिवदेनमा उल्लेखित प्रावधान अनुसार ५ वटा घाटमा मौज्दात रहेको परिमाण ५,२१,६६८ घन मिटर

Scanned with CamScanner

मध्ये ६० प्रतिशतले हुन आउने परिमाण ३,१३,००२ घन मिटर उत्खनन गर्न सकिने भएमा यस चालु आ.ब. २०७७/०७८ मा १,५६,५०१ घन मिटरका नदिजन्य पदार्थ ( ढुंङ्गा, गिट्टि र वालुवा ) को उत्खनन तथा निकासीका लागी वोलपत्र प्रकृया अगाडी बढाउन अत्यावश्यक भएकोले सहमतीको लागी राष्ट्रपति चुरे मधेश संरक्षण विकास समितिसंग अनुमती माग गर्ने निर्णय गरियो ।ढुङ्गा गिट्टि वालुवा निकासिको परिमाण, उत्खनन हुने स्थल सम्बन्धी विवरण यस प्रकार रहेकोछ ।

| सि .न. | नदी वा खोला को नाम | प्रस्ताब गरिएको ठाउँ (क्षेत्र) | अक्षास | देशान्तर | लम्बाई (मी.) | चौडाई (मी.) | उचाई (मी.) | IEE प्रतिबेदन अनुसार मौजदात परिमाण (घ. मी.) | IEE प्रतिबेदन अनुसारउत्खनन् गर्न सकिने परिमाण ( ६०%) घ.मी. | दैनिक उत्खनन गर्न मिल्ने परिमाण घ.मि. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राप्ती नदी | झिलिवाङ्ग धाद्र | २७°५४'१५.९९"N<br>२७°५४'२६.३१" N | ८२°५२'३३.९६"E<br>८२°५२'१२.०३" E | ८३० | १३५ | १ | ११२०५० | ६७२३० | २४९.० | |
| २ | राप्ती नदी | तित्रिवाफ | २७°५४'१९.६५" N<br>२७°५४'१६.९१" N | ८२°५१'४२.२३" E<br>८२°५१'१९.५७" E | ७८० | ७५ | १.२ | ७०२०० | ४२१२० | १५६.० | |
| ३ | राप्ती नदी | सुनघाट वगर | २७°५४'१२.६०" N<br>२७°५४'१८.६२" N | ८२°५१'०.५९" E<br>८२°५०'२५.१५ E | १०१८ | १११ | १.० | ११२९९८ | ६७७९९ | २५१.११ | |
| ४ | राप्ती नदी | ददेरि वगर (क) | २७°५३'२२.३३ "N<br>२७°५४'११.८२" N | ८२°४८'५१.३७ "E<br>८२°४९'२४.७६" E | १३२० | ११३ | ०.८ | ११९३२८ | ७१५९७ | २६५.१७ | |
| ५ | राप्ती नदी | ददेरि वगर (ख) | २७°५४'२५.३८" N<br>२७°५४'१८.७१" N | ८२°४९'४३.६३" E<br>८२°४९'२२.८७" E | ६५५ | १०९ | १.५ | १०७०९२ | ६४२५६ | २३७.९८ | |
| | | जम्मा | | | | | | ५,२१,६६८ | ३,१३,००२ | ११५९.२६ | |

नोटः IEE प्रतिवेदन अनुसार उत्खनन गर्न सकिने ३,१३,००२ घन मिटर २ बर्षको भएकोले प्रतिवर्ष १,५६,५०१ घन मिटरका दरले उत्खनन गरिने ।

**निर्णय न. ४ अटो रिक्सा निर्देशिका २०७७ स्वीकृत सम्बन्धमा ।**

सरुमारानी गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुँदै आएका टेम्पो तथा अटोरिक्सालाई व्यवस्थित गर्न आवश्यक देखिएकाले सो को व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) (ट) १ ले दिएको अधिकारक्षेत्र भित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँ कार्यपालिकाले सरुमारानी गाउँपालिका, प्यूठानको "टेम्पो तथा अटोरिक्सा व्यवस्थापन निर्देशिका २०७७" लाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. ५ घरजग्गा नक्सा अभिलेखिकरण कार्यविधि २०७७ सम्बन्धमा ।**

यस गाउँपालिका क्षेत्र भित्र निर्माण भएका पक्की/कच्चि घरहरुको अभिलेखिकरण गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँ

Scanned with CamScanner

कार्यपालिकाले सरुमारानी गाउँपालिका, प्यूठानको" घरजग्गा नक्सा अभिलेखिकरण कार्यविधि २०७७ " लाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय न. ६ जस्तापाता वितरण र ढुवानी खर्च सम्बन्धमा ।**

यस गाउँपालिकाको विपन्न बर्ग सुरक्षित कार्यक्रम अन्तरगत खरको छाना विस्थापन कार्यका लागि वितरण भएका जस्तापाताहरु सवै वडाहरुमा ढुवानी भैसकेकोले सवै वडाहरुले छनौटमा परेका घरधुरीमा जस्तापाता लगाउने काम अनिवार्य रुपमा २०७७ मंसिर मसान्त भित्र सक्ने र गाउँपालिका स्तरबाट २०७७ पौषको पहिलो हप्ता भित्र अनुगमन सक्ने साथै जस्तापाता ढुवानी वापतको खर्च रकम चालु आ.ब. को स्वीकृत कार्यक्रमको कन्टेजेन्सी रकम शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो

**निर्णय न. ७ नागरिक आवास कार्यक्रमको लाभग्राही छनौट सम्बन्धमा ।**

नेपाल सरकारको सुरक्षित नागरिक आवास कार्यान्वयन (प्रथम संशोधन) कार्यविधि २०७६ बमोजिम गठित सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/५/२५ को निर्णय अनुसार यस गाउँपालिकाको लागि निर्धारित २०० वटा घरपरिवारलाई जस्तापाता वितरण सम्वन्धमा यस गाउँकार्यपालिकाको मिति २०७७/५/२८ गतेको नि.न. ९ बमोजिम वडागत रुपमा निर्धारण गरिएको संख्याको आधारमा यस गाउँपालिकाको कार्यालयबाट मिति २०७७/८/५ गते प्रकाशित सुचना अनुसार २०७७/८/२० गते भित्र लाभग्राही घरधुरी छनौट गरी गाउँपालिकाको कार्यालयमा पठाउने जिम्मेवारी सम्वन्धित वडा समितिलाई दिने निर्णय गरियो

**निर्णय न. ८ योजनाहरुका उपभोक्ता समितिका पदाधिकारीहरुलाई तालिम सम्बन्धमा**

यस चालु आर्थिक बर्षमा संचालन हुने अधिकांस योजनाहरुको उपभोक्ता निर्माण समिति गठन भैसकेकोले प्राविधिकहरुबाट लागत ईष्टमेट गर्ने कार्यलाई यथाशिघ्र सम्पन्न गरी २०७७ मंसिरको अन्तिम हप्ता उपभोक्ताहरुलाई अभिमुखिकरण तालिम सम्पन्न गर्ने, उपभोक्ताहरुलाई अभिमुखिकरण तालिम संचालन खर्च कन्टिजेन्सी शिर्षकबाट गर्ने निर्णय गरियो ।

**निर्णय न. ९ डोजर/स्क्याबेटरहरुको दररेट सम्बन्धमा ।**

यस गाउँपालिकाको आ.व. २०७७/७८ को स्वीकृत गाउँ विकास योजना अनुरुप उपभोक्ता समितिवाट संचालित हुने योजनाहरुको कार्यान्वयनको सन्दर्भमा मेसिनको प्रयोग गर्ने भनि प्राविधिक रुपमा एकिन भएमा देहायका मेसिनको दररेट तपसिल वमोजिम निर्धारण गर्ने, मेसिनको दररेट भन्दा कुनै पनि किसिमको अन्य अतिरिक्त खर्च भुक्तानी दिन नपाईने, मेसिन प्रयोग गर्दा र बन्द गर्दा सम्बन्धीत वडाको वडा अध्यक्षको रोहवरमा मुचुल्का अनिवार्य रुपमा गर्नुपर्ने निर्णय गरियो।

अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बड्डाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

भक्त बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

- टायरवाला व्याक हु लोडर-रु. २०००।- प्रति घण्टा (भ्याट बाहेक)
- चैनवाला डोजर (१८० हर्ष पावर सम्म)-रु. ३२००।- प्रति घण्टा (भ्याट बाहेक) र ब्रेकर प्रयोग गरेमा रु.४५००।- प्रति घण्टा (भ्याट बाहेक)
- चैनवाला डोजर (१८० हर्ष पावर भन्दा माथि)-रु. ४०००।- प्रति घण्टा (भ्याट बाहेक)र ब्रेकर प्रयोग गरेमा रु. ४५००।- प्रति घण्टा (भ्याट बाहेक)

**निर्णय न. १० समिक्षा पुस्तिका प्रकाशन सम्बन्धमा ।**

यस सरुमारानी गाउँपालिकाले हाल सम्म गरेका विकास निर्माणका साथै अन्य गतिविधिहरुलाई समेटी आवधिक समिक्षा पूस्तक प्रकाशन गर्ने पुर्व निर्णय अनुसार आवश्यक आवश्यक तयारीको लागी योजना तथा प्रशासन शाखा प्रमुख श्री लक्ष्मण आचार्यको संयोजकत्वमा समिति गठन भएकोमा उक्त समितिले मस्यौदामा तयार गरी विषयगत समितिमा व्यापक छलफल गरी आवश्यक परिमार्जन सहित अन्तिम रुप दिनको लागी कार्यापालिका बैठकमा पेश गरी दाश्रो चौमासिक भित्र अनिवार्य पुस्तक प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय न. ११ आवधिक योजना निर्माण सम्बन्धमा ।**

यस गाउँपालिकाको आवधिक योजना निर्माणको लागी तथ्यांक संकलन कार्य साविक बमोजिमकै जनशक्ति परिचालन गरी २०७७ पौष मसान्त भित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय न. १२ सशर्त अनुदानको कृषि/पशु विकास कार्यक्रममा साझेदारी रकम सम्बन्धमा ।**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मितिः २०७७/२/२१ च.न.४५० को पत्र अनुसार चालु आर्थिक बर्ष २०७७/०७८ मा कृषि तथा पशु विकास तर्फ साझेदारीमा संचालन गरिने तपशिल बमोजिम योजना तथा कार्यक्रममा यस गाउँपालिकाको साझेदारी योजना तथा कार्यक्रम संचालन शिर्षकबाट वजेट विनियोजन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

**भेटेरिनरी तर्फ लागत साझेदारी कार्यक्रम (ससर्त)**

| क.स. | कार्यक्रम | साझेदारी प्रतिशत | ससर्त बजेट(रकम) | गाउँपालिकाले साझेदारी गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन | ५०% | रु.१५,००,०००।- | रु.७,५०,०००।- | |
| २. | कृषक दर्ता व्यवस्थापन कार्यक्रम(कृषि तथा भेटेरिनरी) | १००% | रु.३,००,०००।- | रु.३,००,०००।- | |

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | कृषि तथा पशुपंछी सम्बन्धि तथ्यांक अध्यावधिक कार्यक्रम | १००% | रु.१,००,०००।- | रु.१,००,०००।- | |
| | जम्मा | | | ११,५०,०००।- | |

**कृषि तर्फ लागत साझेदारी कार्यक्रम (ससर्त)**

| क.स. | कार्यक्रम | साझेदारी प्रतिशत | ससर्त बजेट(रकम) | गाउँपालिकाले साझेदारी गर्नु पर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्यक्रम संचालन | ५०% | रु.२४,००,०००।- | रु.१२,००,०००।- | |
| २. | फलफूल दशक अन्तर्गत स्थानीय तहमा विरुवा रोपण अभियान कार्यक्रम(५०% अनुदान) | १००% | रु.१०,००,०००।- | रु.५,००,०००।- | उपभोक्ता ५० प्रतिशत नगद साझेदारी |
| | जम्मा | | | १७,००,०००।- | |

**निर्णय न. १३ प्रकोप ब्यवस्थापन कोषमा बजेट रकमान्तर सम्बन्धमा ।**

कोभिड-१९ कोरना महामारी नियन्त्रणको लागी क्वारेन्टाईन तथा आईसेलेसन ब्यवस्थापनमा भएको खर्च भुक्तानीको लागी चालु आर्थिक बर्षमा विपद व्यवस्थापन शिर्षकमा विनियोजन भएको रकम मध्येबाट रु २०,००,०००/- प्रकोप ब्यबस्थापन कोषमा बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय न. १४ लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान सम्बन्धमा ।**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/०८/०८ च.न. ४८ को पत्र अनुसार लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने सम्बन्धमा सबै वडाहरुले छनौट गरिएको वस्ती/स्थानमा स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान सम्वन्धि विविध कार्यक्रम संचलान गर्ने र सो वापत लाग्ने खर्च यस गाउँपालिकाको चालु आ.ब.को लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रम शिर्षकबाट प्रति वडा रु. ८०००/- का दरले र गाउँपालिका स्तरको कार्यक्रममा १२०००/- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न. १५ स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रमको योजना छनौट सम्बन्धमा ।**

यस चालु आ.ब. को लागी स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत तपशिलकायोजनाहरु छनौट गरी स्वीकृतको लागी कार्यक्रम परामर्श समिति, प्यूठानमा सिफारिस गर्ने निर्णय गरियो ।

अमर बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७४

भग बहादुर विश्वकर्मा
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

तपशिल

१. कुँडुले-सिरुवारी- देउराली मोटर वाटो निर्माण वडा न. ४
२. झिलिवाङ्ग-हंशपुर मोटर वाटो निर्माण वडा न. १/३
३. रत्ने- जस्पुर मोटर वाटो निर्माण वडा न. २/५
४. पाङकोट- सेम्ले मोटर वाटो निर्माण वडा न. ६

निर्णय न. १६ विद्यालय संचालन सम्बन्धमा ( कक्षा ५, ८ र १० कक्षा)

कोभिड-१९ कोरना महामारीका कारण लामो समय देखी विद्यालयहरु संचालन हुन नसकेकोसन्दर्भमा २०७७/८/७ गते देखि विद्यालयहरु नेपाल सरकार र यस गाउँपालिकाबाट निर्धारित मापदण्ड अनुसार संचालनमा आएकोमा यस गाउँपालिकाको कोरना महामारीको अवस्थाको विश्लेषण गर्दा कक्षा ५, कक्षा ८ र कक्षा १० को कक्षा संचालन नियमित रुपमा संचालन गर्न सकिने अवस्था देखिएकोले स्वास्थ्य मापदण्ड पालन गर्दै नियमित रुपमा कक्षा संचालनको व्यवस्था मिलाउन शिक्षा शाखा लाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय न. १७ विविध सम्बन्धमा ।

क) मैदान लिफ्ट खा.पा. योजना मोटर खरिद

मैदान लिफ्ट खा.पा. योजनाको मोटर खरिदको लागी लागी चालु बर्षको खानेपानी योजना मर्मत संभार शिर्षकबाट रु. ४०,०००/- विनियोजन गर्ने ।

ख) प्यालिमाटि खानेपानी योजना

यस सरुमारानी गाउँपालिकाको वडा न. ५ मा गत बर्षदेखि लुम्बिनी प्रदेश सरकारको सशर्त अनुदान शिर्षकबाट निर्माणाधिन प्यालीमाटी खानेपानी तथा सरसफाई योजना यस बर्षको बर्षादको कारण पहिरोले बगाई पुर्ननिर्माण गर्नु पर्ने अवस्था भएकोले भौतिक पूर्वाधार मंत्रालय (खानेपानी तथा सरसफाई महाशाखा) लुम्बिनी प्रदेश सरकारलाई चालु आ.ब.मा विनियोजन भएको रु ५ लाखमात्र मा थप बजेट ब्यवस्था सहित योजना सम्पन्न गरिदिने ब्यवस्थाको लागी अनुरोध गर्ने ।

ग) ढ्वारे गौडा लिफ्ट ~~खानेपानी~~ सिंचाई योजना

यस बर्षको बर्षाका कारण राप्ती नदिले धार परिवर्तन गर्दा वांगेशाल क्षेत्रको ढ्वारे गौडा लिफ्ट सिचाई योजना बन्द हुन गएकोले उक्त लिफ्ट सिचाई योजना सुचारु गर्न बगरमा कुलो खन्ने कार्यको लागी रु. ५०,०००/- मर्मत संभार कोष शिषर्कबाट विनियोजन गर्ने ।

घ) विद्यालय रंगरोगन सम्वन्धमा

सरुमारानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बडडाँडा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

नेपाल राष्ट्रिय आधारभुत विद्यालय वडा न.३ हंशपुर र भिमसेन मा.वि. वडा न. ५को निवेदन अनुसार निज विद्यालयहरुको रंगरोगनको लागी यस बर्षको विद्यालय मर्मत तथा रंगरोगन शिर्षकबाट प्रति विद्यालय रु. २५,०००/- विनियोजन गर्ने ।

ङ) डाँडागाउँ लिफ्ट सिचाईको मोटर मर्मत सम्बन्धमा ।

सरुमारानी गाउँपालिका वडा न.१ को डाँडागाउँमा रहेको डाँडागाउँ लिफ्ट सिचाईको मोटर मर्मतको लागी रु १३,२००/-मर्मत संभार शर्षकबाट विनियोजन गर्ने।

च) प्यालिबाँझ खेलमैदान मर्मत सम्बन्धमा ।

यस सरुमारानी गाउँपालिका वडा न. १ मा रहेको प्यालिबाँझ खेलमैदान मर्मतको लागी मर्मत संभार कोषबाट रु ५०,०००/- विनियोजन गर्ने ।

छ) अन्य

- यस गाउँपालिकाबाट विभिन्न स्थानमा राखिएका सडक बत्तीहरु र सिसिटिभिहरु संचालन नभएकाले मर्मत गरी संचालनको ब्यवस्था मिलाउने ।
- फोहरमैला व्यवस्था गर्न स्टायन्ड सहित फोहर सामाग्री खरिद गरी व्यवस्था मिलाउने र फोहरमैला व्यवस्थापन र सरसफाई अभियानलाई सक्रियता बढाउन वास ईकाइलाई निर्देशन दिने ।

प्रमाणिकरण मिति - २०७८।०८।११